# आर्थिक बर्ष २०८१/८२ को

# अन्नपूर्ण गाँउपालिकाको नीति तथा कार्यक्रम

## अन्नपूर्ण गाउँपालिका

## म्याग्दी

२०८१ साल असार ९ गते

**गाँउसभाका सदस्यज्यूहरु,**

१. यस गरिमामय सभामा हाम्रो गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत राष्ट्रसवेक कर्मचारीहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा सबै प्रकारका विभेद, उत्पिडनको अन्त्य गर्न तथा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताका प्रतिनिधि मार्फत राज्य सञ्चालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई आजको यस अवस्था सम्म पुऱ्याउनमा सहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि नेपाली जनताले पटक-पटक गर्दै आएका बलिदानीपूर्ण संघर्ष, गौरवपूर्ण इतिहासलाई प्रेरणाको रुपमा लिदै सहिदहरु, घाइते, बेपत्ता र पीडित नागरिकहरुलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

२. समृद्ध अन्नपूर्ण निर्माणको आधार : **दिगो कृषि, पर्यटन, ऊर्जा र उत्थानशील पूर्वाधार** भन्ने मुल नाराको साथ समस्त गाउँपालिका वासीको आर्थिक समृद्धि र विकासको चाहाना पूरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई तय गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध अन्नपूर्ण गाउँपालिका र सुखी अन्नपूर्णवासीको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

३. यस अन्नपूर्ण गाउँपालिकालाई विश्वसामु उत्कृष्ट पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्ने, दिगो कृषि, पर्यटन, र ऊर्जा तथा खेलकुदको विकास गरी स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ती विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

**विद्यमान परिवेश :**

४. रुस-युक्रेन र गाजा-इजरायल द्वन्द्वका कारण मध्यकालमा विश्वव्यापी मुद्रास्फीतिमा दबाब सिर्जना हुने अनुमान छ । फलस्वरुप, बैङ्क ब्याजदर समेत वृद्धि हुन गई सम्पतिको मुल्य समेत घट्ने अनुमान छ । सार्वजनिक ऋण उच्च रहेको सन्दर्भमा राजश्व परिचालनमा वृद्धि र सार्वजनिक खर्च कटौती गर्नुपर्ने अवस्थाले आर्थिक क्रियाकलापमा सुस्तता आउन सक्ने एवं लगानीकर्ताको विश्वास कमजोर हुने जोखिम भने कायम छ । चीन-अमेरिकाबीच उत्पन्न व्यापार तनावका कारण संरक्षणवादले प्रश्रय पाउने र भू-आर्थिक ध्रुवीकरणबाट वस्तु, पूँजि र श्रमिकको निर्वाध प्रवाहमा अवरोध सिर्जना हुनसक्ने जोखिम पनि उत्तिकै रहेको छ ।यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।

५. नेपालले जनसांख्यिक लाभ लिँदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सबैलाई गम्भिर बनाएको छ ।आन्तरिक र वाह्य बसाइँ-सराईका कारण हाम्रा गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन् । उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाई देश भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ । यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनरुत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउँदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मूल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सिर्जना भएको छ ।साथै सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा ब्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

**विकास तथा समृद्धिको लक्ष्य प्रासिका अवसर तथा चुनौती :**

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन् :

६. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकारका सूची सहित विविध साझा अधिकार किटान हुनु साथै एकल तथा साझा अधिकारका क्षेत्रका विषयमा अन्तर सरकारी समन्वयको व्यवस्था हुनु ।

७. गाउँपालिका भित्र भौगोलिक तथा सामाजिक र सांस्कृतिक विविधता रहनु ।

८. गाउँपालिका भित्रको सबै वस्तीहरुमा स्थानीय सडक पूर्वाधारको पहुँच विस्तार हुनु ।

९. गाउँपालिकामा अन्तर्राष्ट्रिय रुपमा नै परिचित घोडेपानी, पुनहिल, खोपारा, खयर, अन्नपुर्ण प्रथम हिमालको आधार शिविर, रुप्से झराना, नारच्याङ झरना, मोहरेडाँडा, प्राकृतिक तातोपानी कुण्डहरु जस्ता महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु रहनु । साथै प्रसिद्ध तिर्थस्थल मुक्तिनाथ क्षेत्र हिमालपारीको अलौकिक भुगोल, अपर मुस्ताङ्ग क्षेत्र, चिनसंग जोड्ने कोरला नाका जाने मार्गमा यसै गाउँपालिका भएर जाने ।

१०. गाउँपालिकाको क्षेत्र भित्र ठूला ठूला हाईड्रोपावर निर्माण तथा सञ्चालन रही विद्युत रोयल्टी प्राप्त हुने वातावरण तयार हुनु ।

११. गाउँपालिकाको विकासमा प्रतिवद्ध जनप्रतिनिधिहरु र अहोरात्र खटिने दक्ष राष्ट्रसेवकहरुको उपलब्धता रहनु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

१२. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु र वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पूँजीलाई उद्यम विकासमा उपयोग गर्नु।

१३. युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आकर्षित गर्नु तथा गुणस्तरीय बीउबिजन- मलखाद समयमा नै उपलब्ध गराई ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

१४. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु । साथै तोकिएको समयभित्र गुणस्तरीय कार्य सम्पन्न गराउनु ।

१५. सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

१६. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१७. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

१८. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारिक रुपमा उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१९. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थको मापदण्ड निर्धारण गरी आयोजनाहरुको कार्यान्वयन गर्नु तथा अवैध उत्खनन् लाई नियन्त्रण गर्नु ।

२०. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

२१. मानव तथा पशु स्वास्थ्यमा महामारीजन्य रोगहरुको नियन्त्रण गर्नु ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

२२. नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौ आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ । सोह्रौ योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना, हाम्रो गाउँपालिकाको प्रथम आवधिक योजना, विभिन्न क्षेत्रगत योजनाहरु र नीतिहरु, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान, समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने संविधानको मर्मलाई समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याएको छु ।

२३. गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योग ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागिता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागिता सुनिश्चित गरिने छ।

२४. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी बनाइनेछ । यसबाट सेवा

प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

२५. यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**गाँउसभाका सदस्यज्यूहरु,**

चालु आ.व.को हालसम्म भएका प्रमुख विषयगत क्षेत्रमा भएका उपलब्धीहरू संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**सामाजिक विकासको क्षेत्रमा भएका उपलब्धीहरु**

२६. गाउँपालिकाको सबै विद्यालयहरुलाई प्रविधिमैत्री बनाउनको लागि कम्प्युटर प्रिन्टरहरु नभएका विद्यालयहरुलाई गाउँपालिका मार्फत कम्प्युटर, प्रिन्टरहरु प्रदान गर्नुको साथै शिक्षकहरुलाई सूचना प्रविधिको प्रयोग सम्बन्धमा विभिन्नत क्षमता विकास तालिमहरु प्प्रदान गरिएको छ ।

२७. हाल अन्नपूर्ण गाउँपालिकामा ५ बर्ष माथिको साक्षरता दर ७९.२ प्रतिशत रहेको छ । आधारभूत शिक्षा तर्फको कक्षा १-८ को खुद भर्नादर ७१.११ प्रतिशत भने माध्यमिक शिक्षा तर्फको ९-१२ को खुद भर्नादर ९१.७४ प्रतिशत रहेको छ।

२८. अन्नपूर्ण १ दोवामा ५ शैयाको आधारभुत अस्पताल भवनको निर्माण सम्पन्न भएको छ । प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्न पाउने मौलिक हकलाई प्रत्याभुति गर्न स्वास्थ्य चौकीहरुबाट निशुल्क स्वास्थ्य सेवा र औषधि वितरणको ब्यबस्था मिलाउनुको साथै बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धमा सरोकारवालाहरुलाई अभिमुखीकरण गरी कार्यान्वयमा ल्याइएको छ । गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरिएको छ ।

२९. गाउँपालिकामा रहेको स्वास्थ्य चौकीहरुलाई नमुना स्वास्थ्य चौकी निर्माण गर्ने उद्येश्यले कार्यपालिका सदस्यहरु, स्वास्थ्य चौकी प्रमुखहरु सहित नमुना स्वास्थ्य चौकीहरुको भ्रमण गरिएको छ ।

३०. गाउँपालिकालाई २०८२ चैत्र मसान्त सम्म बालमैत्री स्थानीय तह घोषणा गर्ने प्रतिवद्धता सहित गाउँपालिकाको बाल प्रोफाइल, वडाहरुको स्थितिपत्र प्रकाशन भएको छ ।र सो अनुसारका कार्यक्रम अगाडी बढाइएको छ ।

३१. लैङ्गिक हिंसामा परेका ब्यक्तिहरुको आर्थिक, सामाजिक, मनोबैज्ञानिक तथा यौनिक उत्पिडनबाट बाहिर ल्याउनको निमित्त गाउँपालिकाको महिला आकस्मिक कोषमार्फत आवश्यक खर्च गर्ने व्यवस्था गरिएको छ । उद्यमीहरु निर्माणको लागि सिलाई-बुनाई तालिम, सरफ साबुन बनाउने तालिमहरु सञ्चालन भइरहेका छन् ।

३२. विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ ।खेलकुद व्यवस्थित गर्न तथा युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि प्रत्येक वडामा खेल पूर्वाधार निर्माण भएका छन् ।

## आर्थिक विकासको क्षेत्रमा भएका उपलब्धीहरु

३३. हाल गाउँपालिकामा सबै वडाहरुमा कृषि सडकहरु निर्माण भइरहेका छन् । कृषि सहकारी संस्थालाई ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएको छ । गाउँपालिकाबाट अनुदानमा विभिन्न उत्पादनमूलक कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

३४. गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्ध्दन तथा प्रचार- प्रसार गर्ने कामलाई ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ ।गाउँपालिका भित्र रहेका सहकारीहरुलाई सुदृढिकरण गर्न सहकारी सम्बन्धी तालिम प्रदान गरिएको छ ।

३५. रोजगारी सृजना गर्न गाउँपालिका भित्र विभिन्न प्रकारका सीपमूलक तथा आयआर्जनमूलक तालिम सञ्चालन गरिएको छ । साथै यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ८८ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

## पूर्वाधार विकासको क्षेत्रमा भएका उपलब्धीहरु

३६. गाउँपालिकाका सबै वडामा सडकको पहुँच पुगेको छ।गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा वर्खायाममा समेत गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ । गाउँपालिकाबाट अन्य छिमेकी गाउँपालिका अन्नपूर्ण गाउँपालिका कास्की जोड्न घोडेपानीमा सडक विस्तारको लागि अध्ययन सहमति माग गर्न अघि बढाइएको छ ।

३७. पूर्वाधार विकास व्यवस्थित निर्माण गर्न महभिर-हिस्तान-राम्चे (४२ किमी) घारखोला-नेपाने-पाउद्वार (२० किमि) यातायात डिपिआर र प्रारम्भिक वातावरणीय परिक्षण तयार

भएको छ। वडा नं १ दोवा, वडा नं २ भूरुङको सडकहरुको डिपीआर निर्माणको चरणमा रहेको छ । मौरीस हर्जोग पदमार्ग र अन्नपूर्ण आधारशिविर प्रवर्द्धनका लागि एकिकृत गुरुयोजना निर्माण भइरहेको छ ।

३८. संघीय सरकारको विशेष अनुदानमा प्रभा मा.वि मा पुर्वाधार निर्माण, पाउद्वार मा.विमा पुर्वाधार निर्माण, रुप्से झरनामा पर्टयकीय पूर्वाधार निर्माणको क्रममा रहेका छन् र संघीय सरकारको समपुरक अनुदानमा सेकार्कु तातोपानी कुण्डमा पर्यटन पुर्वाधार निर्माणको चरणमा रहेको छ ।

**वन, वातावरण, विपद क्षेत्रमा भएका उपलब्धीहरु**

३९. विपद् व्यवस्थापनको लागि स्थानीय विपद् तथा जलवायु योजना, २०७९, आपतकालीन कार्यसञ्चालन कार्यविधि स्वीकृत गरी विपद् जोखिमको न्युनीकरणको लागि स्थानीय आपतकालिन केन्द्र स्थापना गरी विपतमा परेकाहरुको खोज उद्धारको लागि उद्धारको सामग्रीहरु भण्डार गरिएको छ ।बृहत विद्यालय सुरक्षा कार्यक्रम अन्तर्गत विद्यालय ब्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, विद्यार्थी र युवा एवं रेडक्रसका प्रतिनिधिहरुको लागि विपद् उत्थानशिल सम्बन्धी अभिमूखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । गाउँपालिपकाको समन्वयमा विपद् पूर्व तयारी र प्रतकार्यका लागि अन्नपूर्ण ४ नारच्याङमा सशस्त्र प्रहरी बल नेपाल विपद् ब्यवस्थापन बेस स्थापना भएको छ ।

४०. विपद् प्रभावित नागरिकहरुको निजि आवास पूननिर्माण कार्यको समेत थालनी गर्नुको साथै विपद्को कारणबाट मृत्यु भएका, आगोलागी भई घर गोठ जलेका, असाध्य रोग लागेका, विपन्न नागरिकहरुको स्वास्थ्य उपचारार्थ विपद व्यवस्थापन कोषबाट तत्काल बजेट व्यवस्था गरी आर्थिक सहायता समेत प्रदान गरिएको छ।

४१. गाउँपालिकामा फोहोर व्यवस्थापनको लागि गाउँपालिकाको वडा नं. ६ एकल चौतारास्थित फोहोरमैला संकलन केन्द्र निर्माणको लागि डिपिआर र प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएको छ।

**सुशासन तथा संस्थागत विकासमा भएका उपलब्धीहरु**

४२. गाउँपालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, ४२ वटा कार्यविधि, २ वटा मापदण्ड, ५ वटा निर्देशिका, २ वटा सूचनाहरु स्थानीय राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याएको छ।

४३. अन्नपूर्ण गाउँपालिकाको पर्यटन गुरुयोजना, प्रथम आवधिक आवधिक योजना, राजश्व सुधार कार्ययोजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण

रणनीतिक योजना तर्जुमा गरेको छ ।गाउँपालिकामा उपलब्ध जनशक्तीको कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ।

४४. यस गाउँपालिकाले गत आ.व को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७५.२५ प्रतिशत अंक प्राप्त गरेको छ । छ भने स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनमा (FRA) मा ७३.५ अंक प्राप्त गरेको छ ।

४५. राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनले राजश्व स्रोतको दायरामा वृद्धि हुनुको साथै साथै विद्युतीय प्रणालीबाट राजश्व संकलन गर्न थालिएको छ ।चालु आर्थिक बर्षको वैशाख मसान्त सम्म गाउँपालिकाको आन्तरिक आय बाट रु १ करोड ५८ लाख ४ हजार ३ सय १ रुपैया १ पैसा राजश्व संकलन भएको छ । यो रकम प्रक्षेपित आन्तरिक आय रु १ करोड ४७ लाख १० हजार भन्दा ७.४४ प्रतिशतले बढी हो ।

## आगामी आर्थिक बर्षको प्रमुख नीति तथा कार्यक्रमहरू

**सभाका सदस्यज्यूहरु,**

४६. अन्नपूर्ण गाँउपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमले जनताका अधिकतम अपेक्षाहरु विकास निर्माण, उत्पादन र उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना, स्थानीय नेतृत्वको विकास, स्थानीय स्तरमा श्रम र सिपमा आधारित रोजगार कार्यक्रम, मानव संसाधन बिकास, महामारी नियन्त्रण, यसको जोखिम कम गर्ने, स्थानीय स्रोत र साधनबाट प्राप्त लाभहरुको समानुपातिक एवं न्यायोचित वितरण, प्रभावकारी सेवा प्रवाह, दिगो र सन्तुलित विकास, समसामायिक मामिलाहरुको सम्बोधन र कानुनी शासनको प्रत्याभुतिलाई प्राथामिकतामा राख्दै संघीय सरकारको "**समृद्ध नेपाल सुखी नेपाली**को" राष्ट्रिय आकांक्षा, गण्डकी प्रदेशको **"समृद्ध प्रदेश र सुखी नागरिक"** दिर्घकालिन सोच र अन्नपूर्ण गाउँपालिकाको **"समृद्ध अन्नपूर्ण निर्माणको मूल आधारः दिगो कृषि, पर्यटन, ऊर्जा र उत्थानशिल पूर्वाधार "** दिर्घकालीन सोच पूरा गर्नेतर्फ केन्द्रित छन् ।

अब म आ.व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## सामाजिक विकास क्षेत्र सम्बन्धी नीति तथा कार्यक्रम

### शिक्षा

४७. दरबन्दीमा कार्यरत सबै विद्यालय कर्मचारी, प्रारम्भिक बालविकास सहजकर्ता र सामाजिक परिचालकहरुको लागि स्थानीय तहबाट थप्दै आइरहेको थप तलबभत्ता र विद्यालय शैक्षिक सुधार कार्यक्रमलाई यस आर्थिक बर्षमा पनि निरन्तरता दिइनेछ ।

४८. विश्व ज्ञान भण्डारमा हाम्रा बिद्यार्थीहरुको पहुँच अभिवृद्धि गर्न र सूचना प्रविधिमैत्री शिक्षा मार्फत गाउँपालिकाको शैक्षिक गुणस्तरमा सुधार ल्याउन सामुदायिक विद्यालयमा 'ICT for Friday' कार्यक्रम क्रमशः सञ्चालन गरी प्रत्येक शुक्रबारीय पुस्तकरहित विद्यालयको रुपमा जीवनोपयोगी र स्वसिकाई कार्यक्रम सञ्चालन गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिने छ ।

४९. **'क्लीन अन्नपूर्ण, क्लीन स्कुल'** अभियान अन्तर्गत School Wash कार्यक्रम सञ्चालन गरी विद्यालयमा स्वच्छ पिउने पानी, सावुन र महिनावारी व्यवस्थापन कक्षको प्रबन्ध मिलाईनेछ।

५०. विषयगत शिक्षकको अभावका कारण विद्यार्थीहरुको पठनपाठनमा हुदै आएको अवरोधको सदाका लागि अत्य गर्न **'टेली टिचिङ एण्ड टेली लर्निङ कार्यक्रम'** लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५१. प्रारम्भिक बालविकास शिक्षा उमेरका बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकारको सुनिश्चितता गर्न प्रारम्भिक बालविकास केन्द्रहरुमा सिकाई कुना (Learning Corner) निर्माण अभियान कार्यक्रमलाई थप विस्तार गर्दै लगिनेछ ।

५२. दिगो विकासका लक्ष्य (SDG) र विद्यालय शिक्षा क्षेत्र योजना (SESP) लाई स्थानीयकरण गर्नुको साथै अनिवार्य तथा निशुल्क शिक्षा ऐन र अनौपचारिक शिक्षा तथा आजीवन सिकाईसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५३. नेपालको संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान र संरक्षण गर्दै महिला शिक्षक तथा विद्यालय कर्मचारी सुत्केरी विदामा रहँदा विद्यार्थीहरुको शैक्षिक क्षति न्युनीकरण गर्न स्वयंसेवक शिक्षकको व्यवस्था मिलाइनेछ ।

५४. सामुदायिक विद्यालयबाट अध्ययन गरेका विपन्न, जेहेन्दार विद्यार्थीका लागि गणित, अंग्रेजी र विज्ञान विषयमा कक्षा ११-१२ र उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहन गर्न छात्रबृत्ति प्रदान गर्न कानुन तर्जुमा गरिनेछ ।

५५. न्युन विद्यार्थी संख्या भएका विद्यालयहरुलाई सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ अनुसार तह मिलान विद्यालय मर्ज र विद्यालय नक्साङ्कन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५६. **'म विद्यार्थीका लागि र विद्यार्थी राष्ट्रका लागि'** गाउँपालिका शिक्षा अभियान अन्तर्गत अध्यक्षसँग विद्यार्थी भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५७. विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यलाई रचनात्मक तथा सुधारात्मक बनाउदै लगिनेछ । शिक्षकलाई प्राविधिक तथा प्राज्ञिक सहायता प्रदान गर्न **टयूटोरिङ** र **विज्ञ शिक्षकहरुको** समूहलाई परिचालन गरिनेछ ।

५८. प्रत्येक विद्यालयमा सञ्चालनमा रहेको दिवा खाजा कार्यक्रममा प्रयोग हुने पत्रुखाना विस्थापित गरी अर्गानिक खाजा खुवाउने वातावरण तयार गरिनेछ ।

५९. शिक्षाको हकको सुनिश्चितता तथा सार्वजनिक शिक्षाको सुदृढीकरण गर्ने विषयलाई उच्च प्राथमिकतामा राखिनेछ ।

## संस्कृति सम्बन्धी

६०. गाउँपालिकालाई खुल्ला बहुसाँस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता चिन्हहरु निर्माण गरिनेछ।

६१. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

६२. गाउँपालिका भित्र हुने भुमे पुजा, पुख्यौंली नाँच, परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन आदिलाई संरक्षण र व्यवस्थित गरिने नीति लिईनेछ ।

६३. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।

## युवा तथा खेलकुद

६०. युवालाई उद्यमशिलतासँग जोड्न आवश्यक तालिम, व्यावसायिक सिपमुलक शिक्षा र प्रयोगात्मक अभ्यास (ईन्टर्नसिप)को व्यवस्था गरिनेछ ।

६१. छुवाछुत दाईजो, जातीय तथा लैङ्गिक भेदभावको अन्त्य गर्न, अन्धविश्वास र कुसंस्कारजस्ता सामाजिक कुरीति हटाउदै समाजको रुपान्तरणमा युवाहरुको भूमिका बढाउदै लगिनेछ ।

६२. विपद् तथा महामारी व्यवस्थापन, विकास निर्माण कार्य, सरसफाई तथा वातावरण संरक्षण र सामाजिक चेतना अभिवृद्धिका लागि युवा स्वंयसेवकहरुको परिचालन नीति लिईनेछ ।

६३. खेलकुद क्षेत्रको विकास, खेल पुर्वाधार निर्माण तथा खेलाडी उत्पादनको लागि व्यवस्थित गर्नको लागि आवश्यक दिर्घकालिन नीति निर्माण गरी अघि बढिनेछ ।

६४. अन्नपूर्ण गाउँपालिकाको प्रतिनिधित्व गर्दै जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरमा खेल खेल्ने खेलाडीहरुको सम्मानको लागि आवश्यक नीति तथा कार्यक्रम बनाई खेलाडीहरुको मनोवललाई उच्च बनाईनेछ ।

६५.**'खेल्छ अन्नपूर्ण'** नारालाई आत्मसात् गर्दै खेलकुदमा गाउँवासी युवाहरुको बढ्दो चासोलाई सम्बोधन गर्न युवा तथा खेलकुद सम्बन्धी कार्यविधि, २०७५ लाई समयानुकुल संसोधन गरी गाउँपलिकास्तरीय खेलकुद विकास समिति र परिचालनमा विशेष जोड दिइनेछ ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

६६. अन्नपूर्ण गाउँपालिकाको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरण रणनीतिक योजना (२०७९।८०-२०८१।८२)लाई आवश्यकता अनुसार परिमार्जन गर्दै कार्यन्वयन गरिनेछ ।

६७. अन्नपूर्ण गाउँपालिका बालबालिका नीति अनुसार बालमैत्री स्थानीय शासनको लागि आवश्यक कानुनहरु निर्माण गरिनेछ । बालमैत्री र वातावरणमैत्री स्थानीय शासनका प्रारुपलाई सघन रुपमा कार्यान्वयनमा ल्याइनेछ । आगामी आ.व.मा बालश्रममुक्त स्थानीय तह घोषणा गरिनेछ ।

६८. लैङ्गिक हिंसा तथा बालबालिका माथि हुने हिंसा विरुद्ध सुन्य सहिष्णुता नीति अपनाईनेछ ।

६९. पालिका अन्तर्गत कुनै पनि व्यक्तीहरु हिंसामा नपरुन्/हिंसाबट बचुन भन्नको खातिर निशुल्कः फोन कल नजिकको प्रहरी चौकी/वडाध्यक्ष/महिला सदस्य/पालिका अध्यक्ष/ उपाध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृत/जेण्डर फोकल फर्सन/बाल कल्याण अधिकारीको उठ्ने व्यवस्था गरी दुरुस्त उद्धार गर्ने व्यवस्था गर्ने ।

७०. महिला उद्यमशीलतामार्फत स्वरोजगारी बढाउने कार्यक्रम तय गर्ने, श्रम गर्ने महिलाको समान ज्याला, घरेलु हिंसा तथा सामाजिक भेदभाव हटाउन कार्ययोजना ल्याईनेछ ।

७१. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत सङ्कलन गरी स्थानीय स्तरमा गर्न सकिने सहयोगको खाका तयार गरिनेछ ।

७२. स्थानीय पूर्वाधारलाई अपाङ्गता मैत्री, बालमैत्री बनाउँदै अशक्त व्यक्तिका लागि सहजरुपमा आधारभूत सेवा पुऱ्याउन व्यवस्था गरिनेछ ।

७३. आजका बालबालिका भोलिका कर्णधार र वर्तमानका साझेदार हुन् भन्ने यथार्थलाई आत्मसात गर्दै मिति २०८२ चैत्र मसान्त भित्र बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाको लागि आवश्यक लगानी योजना निर्माण गरी आवश्यक पूर्वाधार तयार गरिनेछ ।

७४. अन्नपूर्ण गाउँपालिकालाई सडक बालबालिका तथा सडक मानव मुक्त बनाउन अनाथालय र मानवसेवाकेन्द्र निर्माण गर्ने तथा अशक्त तथा मानसिक असन्तुलन भएका व्यक्तिहरुको पुनर्स्थापना र व्यवस्थापनमा ध्यान दिइनेछ । यसको लागि गाउँपालिकामा सूचिकृत गैर सरकारी संस्थाहरुसंग सहकार्य गरिनेछ ।

## स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

७५. हाम्रो सबै सामुदायिक स्वास्थ्य चौकीहरुको आवश्यक पूर्वाधारको व्यवस्थापन गरी स्रोत साधन सम्पन्न नमुना स्वास्थ्य चौकीको रुपमा विकास गर्दै लगिनेछ । स्वास्थ्य, आयुर्वेद र योग तथा प्राणायम सेवालाई गुणस्तरीय, सर्वसुलभ र स्थानीय गाउँबासीको पहुँचमा पुर्याइनेछ ।

७६. सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न जटिलतामा रहेका गर्भवती, सुत्केरी र नवजात शिशुको जीवन रक्षाका लागि गण्डकी प्रदेश सरकारले निरन्तरता दिएको **एयर लिफ्टिङ सेवा** दिलाउन गाउँपालिकाले आकष्मिक कोष परिचालन साथै आवश्यक सहजीकरण र समन्वय गरिनेछ ।

७७. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्रभित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापना सेवालाई सहज र नियमित बनाइनेछ ।

७८. **"विद्यालयसँग स्वास्थ्य कार्यक्रम"** अन्तर्गत सामुदायिक विद्यालयहरुमा विद्यार्थी र शिक्षकहरुको कम्तिमा बर्षको दुई पटक स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाईनेछ।

७९. बर्थिङ्ग सेन्टर र स्वास्थ्य क्लिनिकहरुको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

८०. आर्थिक रुपमा अति विपन्न, दुर्घटनामा परेका र ७० बर्ष माथिका नागरिकलाई स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान निशुल्क एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

८१. अन्नपूर्ण गाउँपालिकाको स्वास्थ्य संस्थाहरुमा सुरक्षित प्रसुति सेवा लिन आउने आमाहरु Birthing Center मा सुत्केरी नसकी बेनी/बाग्लुङ/पोखराका स्वास्थ्य संस्थाहरुमा अप्रेशन गर्नुपरेमा स्वास्थ्यकर्मी र वडा कार्यालयबाट सिफारिस भएका व्यक्तीहरुका लागि निशुल्क एकतर्फी एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।

८२. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।साथै जडिबुटी खेती विस्तारका लागि अन्य संस्थाहरुसँग समन्वय गरी विभिन्न तालिम संचालन गरिनेछ ।

८३. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

८४. अन्नपूर्ण गाउँपालिका १ दोवामा निर्माण भएको ५ शैयाको अस्पताल सञ्चालन गर्न विशेष पहल गरिनेछ ।स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

८५. नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रमलाई घरघर पुऱ्याई सबै घर परिवारलाई स्वास्थ्य बिमा गर्न प्रोत्साहित गरिनेछ ।

८६. यस गाउँपालिकावासीहरुको पोषण अवस्थाबारे वस्तुगत विवरण प्रोफाइल र पोषण सम्बन्धी आचारसंहिता तर्जुमा गरी पोषण प्रवर्द्धनको लागि बहुक्षेत्रीय समन्वय गरिनेछ।

८७. पोषणमैत्री स्थानीय तह घोषणा सम्बन्धी कार्यविधिले तोकिएको मापदण्ड पूरा गरी सम्पूर्ण स्वास्थ्य संस्थालाई पोषणमैत्री संस्था घोषणा तर्फ लगिनेछ ।

८८. पोषणका लागि पैरवी सञ्चार जनसहभागिता तथा अभियान सञ्चालन गरी वडा स्तरमा बालबालिका किशोर किशोरी तथा महिलाको पोषण अवस्थामा सुधार भएको हुनेछ ।

## आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### उद्योग तथा पर्यटन

८९. स्थानीय औद्योगिक ग्राम निर्माणको लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रकृया अघि बढाईनेछ ।

९०. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

९१. लगानीमैत्री नीति तथा औद्योगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

९२. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाले निर्माण गरेको पर्यटन गुरुयोजनाका आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ। साथै अन्नपूर्ण नर्थ आधारशिविर एकिकृत पर्यटन गुरुयोजना निर्माण अनुसार आवश्यक पूर्वाधारहरु निर्माण गरिनेछ ।

९३. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र पर्यटकीय सूचना ब्रोसरहरु निर्माण गरिनेछ ।

९४. पर्यटन प्रबर्द्धनका लागि होमस्टे सञ्चालन र प्रोत्साहन, नयाँ पदमार्गहरुको खोज, निर्माण र प्रबर्द्धन गरिनेछ ।

९५. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

### कृषि तथा पशुपंक्षी

९६. अन्नपूर्ण गाउँपालिकामा तरकारी खेती, फलफूल खेतीको अध्ययन अवलोकन गरी पहिचानका आधारमा पकेट क्षेत्र निर्माण गर्ने कार्य प्रारम्भ गरिएको छ। यसलाई मौरीपालन, मसलाबाली, खाद्यान्नबाली तथा दलहनबालीको क्षेत्रमा पनि विस्तार गरिने छ ।

९७. मसलाबालीको संभाव्यता अध्ययन गरी अलैंची, अदुवा, बेसारजस्ता बालीहरुको खेती प्रविधि विस्तारमा जोड दिईनेछ र मसलाबालीलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ।

९८. बीउ बिजनको दिर्घकालिन राष्ट्रिय सोच (सन् २०१३-२०२५) को आयात प्रतिस्थापन गर्ने र गुणस्तरीय बीउको निर्यात प्रवर्द्धन गरी बाली उत्पादनमा वृद्धि, आय वृद्धि र रोजगारी सिर्जना गर्ने उद्देश्यलाई टेवा पुर्याउने गरी आ.व. २०८०/८१ मा तरकारी बीउ उत्पादन कार्यक्रम लागू गरिएको थियो। आगामी वर्षहरुमा पनि तरकारीको बीउ उत्पादनलाई प्राथमिकतामा राखी गाउँपालिकालाई रायो, बन्दा जस्ता तरकारीको बीउमा आत्मनिर्भर बनाउने नीति लिईनेछ।

९९. सिँचाई नीति, २०७०को दिर्घकालिन दृष्टिकोण, मुलुकका सम्पूर्ण कृषियोग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी वर्षैभरी दिगो एवं भरपर्दो सिँचाई सुविधा पुऱ्याउने, नीतिलाई समर्थन गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिको लागि सिँचाई क्षेत्रको आयोजनाहरु जस्तै साना सिँचाई निर्माण, कुलो निर्माण एवं मर्मत, थोपा सिँचाईलाई प्राथमिकता दिँदै साना सिँचाई कार्यक्रम सञ्चालन गरिनेछ।

१००. स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरूको विकास, प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ । साथै कृषिको व्यवसायीकरण तथा विविधीकरणमा जोड दिई आय आर्जन तथा रोजगारका थप अवसरहरू सिर्जना गरिने छन्।

१०१. खाली रहेको खेति योग्य बाँझो जमिनको उपयोग गर्ने गरी जग्गा वर्गिकरणमा कृषि क्षेत्र अन्तर्गत पर्ने जग्गाहरु बाँझो राख्न नपाईने नीति लिईनेछ।

१०२. वैदेशिक रोजगारबाट फर्केका र कृषि क्षेत्रमा लगानी गर्न चाहने युवाहरुलाई छनौट गरी उचित अनुदानको व्यवस्था गरिनेछ। शिक्षित बेरोजगार युवाहरुलाई कृषि पेसामा आकृष्ट गर्न कृषि व्यवसाय स्थापना तथा सञ्चालन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

१०३. कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न र त्यसलाई दिगो र प्रतिस्पर्धी बनाउन कृषि यन्त्र तथा उपकरणको अनुशरण, प्रयोग, विस्तार एवं प्रवर्द्धन गर्नु आवश्यक रहेकाले आ.व. २०८०/८१ मा करिब १३ वटा मिनिटिलर, ८ वटा भर्याङ, २ वटा तौल मेशिन, १० वटा सिकेचर र ९ वटा आरी वितरण गरिएको थियो। आ.व. २०८१/८२मा थप १२ जना कृषक, कृषि समूह तथा कृषि फर्महरुलाई लाभान्वित गराउने लक्ष्य लिईएको छ।

१०४. संघ र प्रदेश सरकारको सहकार्यमा कृषि जन्य उत्पादन, प्रशोधन र बजारीकरणमा जोड दिईनेछ।

१०५. उत्पादित वस्तुको बजार व्यवस्थापनको लागि स्थापना गरिएका संकलन केन्द्रको मर्मत तथा पुन: प्रयोगमा जोड दिईनेछ ।

१०६. कृषिलाई पर्यटनसँग जोड्ने गरी एग्रो टुरिजमलाई प्राथमिकता दिने नीति लिईनेछ। एग्रो टुरिजमको विकास गरी अन्नपूर्ण क्षेत्रमा आउने आन्तरीक तथा बाह्य पर्यटकहरुलाई आफ्नै उत्पादन खुवाउने परिपाटीको विकास र विस्तार गरिनेछ।

१०७. सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) ले २०८५/८६ सम्ममा माटोमा जैविक पदार्थको मात्रा २.५ प्रतिशत पुर्‍याउने लक्ष्य लिएको छ। सोही लक्ष्य प्राप्तिमा टेवा पुर्याउने उद्देश्यका साथ यस गाउँपालिकामा प्राङ्गारिक कृषिलाई प्रवर्द्धन गर्दै प्राङ्गारिक मल उत्पादन तथा व्यवस्थापन सम्बन्धी नीति अवलम्वन गरिने छ।

१०८. अन्नपूर्ण गाउँपालिकाको प्रमुख बाली आलुमा लाग्ने रोग तथा कीराहरुलाई नियन्त्रण गर्ने उद्देश्यका साथ रोग  प्रतिरोधात्मक क्षमता भएका आलुको जातको अनुकुलता परीक्षण गरी आएको परिणामको आधारमा आउँदा वर्षहरुमा सोही जात सिफारीस गर्ने नीति लिईनेछ।

१०९. अन्नपूर्ण गाउँपालिकाको क्षेत्रमा अमिलो जातका फलफूल विरुवाको लागी स्थापना भईसकेका नर्सरीहरुको स्तरोन्नतिमा आवश्यकता अनुसार सहयोग गरिनुका साथै नयाँ नर्सरीहरुको स्थापना गरी यस स्थानीय तह भित्र क्षेत्र विस्तार गरिनेछ र अन्य पालिकामा निर्यात गर्ने नीति लिईनेछ।

११०. राष्ट्रिय फलफूल सुन्तला उत्पादनको लागी भारी सम्भावना रहेको यस गाउँपालिकामा स्थापित सुन्तला तथा किवि बगैंचाको स्तरोन्नति तथा शुद्दिकरणको लागि फलफुल बगैंचा व्यवस्थापनको चुना निलोतुथो वितरण  कार्यक्रम सञ्चालन गरिने छ।

१११. जैविक विविधताको संरक्षण गर्नका लागि लोपोन्मुख रैथाने बालीको प्रवर्द्धन गर्न आवश्यक नीति तयारी गरिनेछ।

११२. प्रत्येक वडामा गठन भएका कृषि समूहलाई निरन्तरता दिन प्रोत्साहन गर्दै थप कृषक समूहहरु गठन गरी गाउँपालिका स्तरीय कृषि सञ्जाल गठन गरी सञ्जालमार्फत कृषि सम्वन्धी कार्यक्रमहरु अगाडि बढाईनेछ ।

११३. अनुदानका कार्यक्रमहरुमा अन्नपूर्ण गाउँपालिका भित्र दर्ता भएका कृषि फर्म, कृषि समुह र कृषि सम्बन्धी सहकारीहरुलाई प्राथमिकता दिईनेछ।

११४. गाउँपालिका अन्तर्गतका कृषकहरुलाई उत्पादनमुखी र प्रतिस्पर्धी बनाउनका लागि **उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम** सञ्चालन गरिनेछ।

११५. **Wild honey hunting** लाई पर्यटन प्रवर्द्धनको लागी आकर्षक गन्तव्यको रुपमा विकास गर्नका लागि आवश्यक कार्यविधि तयार गरी लागू गरिनेछ।

११६. कृषकको माग र आवश्यकता अनुसार खेति सम्बन्धी क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिनेछ।

११७. जलवायु परिवर्तनले कृषि क्षेत्रमा प्रत्यक्ष रुपमा असर पार्ने हुँदा जलवायु अनुकुलन कृषि अभ्यासहरु अवलम्वन गरिनेछ।

११८. बाली संरक्षणको अन्तर्गत आर्थिक महत्त्वका रोग तथा कीरा नियन्त्रणको लागि आवश्यकता अनुसार विषादी खरीद गरि वितरण गरिनेछ।

११९. मौसमी तथा बेमौसमी तरकारी उत्पादन गरि कृषकको आयस्तर सुदृढ गर्ने उद्देश्यका साथ तरकारी उत्पादनको लागि प्लाष्टिक घर निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।

## सहकारी

१२०. आ व ०८१/०८२ लाई **सहकारी शिक्षा बर्षको** रुपमा मनाउनका लागि सञ्चालनमा रहेका सहकारीहरुसंग साझेदारी गरी सहकारीका सदस्यहरुलाई सहकारी संस्थामार्फत नै सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१२१. सदस्यहरुको क्षमता अभिवृद्धि गर्न र व्यबस्थापन क्षमता बढाउन सहकारी अनुशिक्षण र तालिमलाई अनिवार्य गरिदै लगिनेछ ।

१२२. सहकारी मार्फत हुने वित्तीय कारोवारलाई सुरक्षित र भरपर्दो बनाउन सबै सहकारीको नियमित अनुगमन र सो को आधारमा नियमन हुने प्रभावकारी व्यवस्था गरिनेछ ।

१२३. कृषि क्षेत्रको उत्पादकत्व बढाउन उन्नत प्रविधिको प्रयोग गर्ने तथा प्राङगारिक खेतिलाई प्रोत्साहित गर्न कृषकहरु सहभागी सहकारीलाई विशेष सुविधाहरु उपलब्ध गराइने छ ।

१२४. संविधानको भाबना र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था अनुसार सहकारीको दर्ता, नियमन र प्रवर्द्धनका कार्य अगाडि बढाइनेछ । सहकारीमा सुशासन प्रवर्द्धन, संस्थागत क्षमता विकास, डिजिटल प्रविधि प्रवर्द्धन लगायतका कार्यमा जोड दिइनेछ।

## रोजगारसम्बन्धी

१२५. प्रधानमन्त्री रोजगार कार्यक्रमले आ.व २०८१/०८२ मा यस अन्नपूर्ण गाउँपालिकाम रहेका सूचिकृत बेरोजगारहरूलाई प्राथमिकताक्रमका आधारमा न्यूनतम १०० दिनको रोजगारी प्रदान गरिनेछ।

१२६. प्रथम पटक बैदेशिक रोजगारीमा जानको लागि नेपाल सरकारले तोकेको संस्थाबाट बायोमेट्रिक गराई दुई दिनको अभिमुखीकरण तालिम लिएर जानको लागि परामर्श गरिने छ।

१२७. बैदेशिक रोजगारीको खोजिमा रहेका ब्यक्तिहरुलाई पुनः श्रम स्वीकृती लिई सुरक्षित र मर्यादित तरिकाले बैदेशिक यात्राको लागि **अनलाईन श्रम स्वीकृती** प्रदान गरिनेछ।

१२८. गाउँपालिका भित्रका सरोकारवाला, रोजगार दाता, संघसंस्थासंग सहकार्य गरी कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडी बढाईने छ।

१२९. स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/कार्यान्वयन तथा आन्तरिक रोजगारी प्रवर्द्धन अभियान कार्यक्रम सञ्चालन गरिने छ।

१३०. रोजगार संवाद मञ्चको बैठक बसी रोजगारीको क्षेत्रमा रहेका समस्याको समाधान गरिने छ।

१३१. **"श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम"** सञ्चालन गरि समग्र श्रमको महत्वलाई समुदाय स्तरमा अभियानको रुपमा सञ्चालन गरिने छ।

१३२. रोजगार सेवा केन्द्रमा श्रम डेस्क स्थापना गरी स्थानीय स्तरमा काम गर्ने श्रमिकहरुको गुनासो सुनुवाई हुने व्यवस्था मिलाईने छ।

**भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

१३३. सुरक्षित र व्यवस्थित आवास निर्माणका लागि प्रचलित भवन संहिता तथा भवन निर्माण मापदण्डको पूर्ण पालना गरिनेछ । यसपूर्व निर्माण भएका घरहरुलाई पौष मसान्तभित्र अभिलेखीकरण गरिनेछ । नयाँ निर्माण हुने घरहरुलाई नक्सापास गर्न अनिवार्य गरिनेछ ।

१३४. योजनाबद्ध एवं ब्यबस्थित बस्ती बिकास र भू-उपयोगका लागि गाउँपालिकाको भू-उपयोग योजना (land use Plan ) तयार भईरहेकाले आगामी आर्थिक बर्षदेखि कार्यान्वयनमा ल्याइनेछ।

१३५. अन्नपूर्ण गाउँपालिका क्षेत्रभित्र स्थानीय सडक ,ग्रामीण सडक, कृषि सडक ,पुल पुलेसाहरु इत्यादी आवश्यकताका आधारमा सडक सञ्जाल बिस्तार एबम्  ब्यबस्थापनको लागि अन्नपूर्ण गाउँपालिकाको यातायात गुरुयोजना कार्यान्वयनमा ल्याइनेछ।

१३६. ठूला र बढी महत्वपूर्ण योजनाहरुको बिस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) र वातावरणीय अध्ययन प्रतिबेदनका आधारमा मात्रै कार्यान्वयन प्रकृयामा अगाडि बढाइनेछ।

१३७. फोहोरमैला ब्यबस्थापनका लागि फोहोरको बर्गिकरण,सङ्कलन, पुनःउपयोग, प्रशोधन र बिसर्जनको योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१३८. हेभि इक्युपमेन्ट र उच्चकोटीको प्रबिधिको प्रयोग नगरी स्थानीय स्रोत , साधन, श्रम र सिपको उपयोग गरेर सफल पार्न सकिने आयोजनाहरु मात्र उपभोक्ता समितिहरु वा लाभग्राहीहरुबाट कार्यान्वयन गरिनेछ।

१३९. उपभोक्ता समितिहरु वा लाभग्राहीहरुबाट कार्यान्वयन गरिने आयोजनाहरुलाई दिगो, गुणस्तरीय र पारदर्शी बनाउनका लागि उपभोक्ता समितिहरु वा लाभग्राहीहरुको क्षमता अभिबृद्धिका लागि अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ।आयोजनाका उपभोक्ता समिति र आयोजनामा काम गर्ने श्रमिक जनशक्तिहरुलाई शारीरिक सुरक्षाका औजार र साधनहरु उपलब्ध गराइने ब्यबस्था मिलाइनेछ।गरिनेछ।आयोजनाका उपभोक्ता समिति र आयोजनामा काम गर्ने श्रमिक जनशक्तिहरुको सामुहिक दुर्घटना बिमाको समेत ब्यबस्था मिलाइनेछ।उपभोक्ता समितिहरुको कार्यलाई सहभागितामूलक, पारदर्शी, व्यवस्थित बनाइनेछ ।

१४०. हेभि इक्युपमेन्ट र उच्च कोटीको अत्याधुनिक प्रबिधिको प्रयोग हुने , अत्याधुनिक निर्माण सामाग्रिको प्रयोग हुने, काममा बिशेष किसिमको दक्षता र अनुभवको आवश्यकता पर्ने सबै किसिमका निर्माण आयोजनाहरु प्रतिस्पर्धात्मक बोलपत्र आव्हान गरी योग्य निर्माण ब्यबसायी छनौट गरी कार्यान्वयनमा लगिनेछ।

१४१. आयोजनाहरुको गुणस्तर सुनिश्चितताको लागि निर्माण सामाग्रीहरु र निर्माण कार्यको गुणस्तर परिक्षण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१४२. मर्मत संभार कोष स्थापना गरी निर्माण सम्पन्न भइ सञ्चालनमा रहेका सबै आयोजनाहरुको मर्मत संभार गरिनेछ।

१४३. गाउँपालिकाका केही ठूला र गौरवका आयोजनाहरु निर्माण गर्न तथा महत्वपूर्ण पर्यटकीय स्थलहरुको दिगो संरक्षण, प्रबर्धन र बिकासका लागि नीजि क्षत्रका लगानीकर्ताहरुलाई बिश्वासमा लिएर स्थानीय सार्बजनिक-निजी साझेदारी (PPP) मोडेलमा प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रबन्ध मिलाइनेछ।

१४४. तिनै तहका सरकारको समन्वयमा सरसफाइ स्वच्छता कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको जनस्तरमा अनुभूत गराउनको लागि फोहोरमैला संकलन केन्द्रको निर्माण गरिनेछ । गाउँपालिकाभित्र खानेपानी, सरसफाई र स्वच्छता **वास इकाई** स्थापना गर्दै लगिनेछ । WASH plan

अद्यावधिक गरी कार्यान्वयन गरिनेछ। सरसफाईयूक्त गाउँपालिका निर्माण गर्न पहल गरिनेछ ।

१४५. गाउँपालिका भित्रका सबै खानेपानी प्रणालीहरुमा खानेपानीको गुणस्तर परिक्षण गरिनेछ र गुणस्तरको मापदण्ड पूरा गरेको खानेपानी बितरणको सुनिश्चितता गरिनेछ।

१४६. हाइड्रो हबका रुमपा परिचित यस गाउँपालिकामा जलविद्युतको उत्पादन, वितरण प्रणाली, ञसेवाको ब्यबस्थापन र सञ्चालनमा आवश्यक योजना तर्जुमा गरी सरोकारवाला पक्षहरुकोबीचमा समन्वयकारी र नियमनकारी भूमिका खेलिनेछ।

१४७. कृषि उत्पादन बृध्दि गर्नका लागि स्थानीय तथा साना सिंचाइ प्रणालीहरुको निर्माण , संञ्चालन,मर्मत संभार तथा ब्यबस्थापनका लागि सिञ्चाइ सम्बन्धी गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१४८. बिपद्को उच्च जोखिममा रहेको यस गाउँपालिका भित्रका जोखिमयुक्त क्षत्रहरुको नक्साङ्कन, जोखिमपूर्ण बस्तीहरुको पहिचान र स्थानान्तरणका लागि आवश्यक योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।यस गाउँपालिकाले तयार गरेको बिपद पुर्व तयारी र प्रतिकार्य योजना, जोखिम न्यूनीकरण योजना प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ।

## वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### खानेपानी तथा सरसफाई

१४९. स्थानीय सरकार र सरकारको विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासँगको सहकार्य र समन्वयमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम स्वच्छ र सफा पिउने पानीको व्यवस्था गर्न **"एक घर एक धारा "** को नीति अवलम्बन गरिनेछ ।

१५०. हाल यस गाउँपालिकाको ८१.०५ प्रतिशत घरपरिवारहरुमा खानेपानीको पहुच पुगेकोमा अवस्थामा आगामी बर्षमा ९० प्रतिशत घरपरिवारमा धाराको पानी पुऱ्याउने गरी खानेपानी आयोजनाहरु विस्तार गरिनेछ ।

१५१. हाल यस गाउँपालिकाको ९६.४६ प्रतिशत घरधुरी सरसफाई सुविधाको पहुच रहेकोमा आगामी वर्षमा ९८ प्रतिशत घरधुरीमा सरसफाई पहुँच पुऱ्याईनेछ ।

१५२. सडक किनारा, नदी किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

१५३. टोल विकास संस्थाहरुलाई सुचिकृत गरी विकास निर्माण, वातावरण संरक्षण, सरसफाईका क्षेत्रमा व्यापक रुपमा परिचालन गर्ने नीति लिइनेछ ।

१५४. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ। साथै **शुन्य पोलिथिन अभियानलाई** अगाडि बढाइनेछ ।

१५५. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ ।

## वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१४८. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने, न्यून हरित ग्याँस उत्सर्जनलाई विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

१४९. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

१५०. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ।

१५१. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।

१५२. गाउँपालिकाले निर्माण गरेको विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना अनुसार विपद पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१५३. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

१५४. भुकम्पीय जोखिम न्यूनीकरणको लागि भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१५५. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

## सुशासन तथा संस्थागत क्षेत्र सम्बन्धी नीति

### सूचना तथा संचार

१५६. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

१५७. स्थानीय टिभि च्यानेलसंगको सहकार्यमा गाउँपालिका भित्र भएका विकास निर्माण तथा पर्यटकीय स्थलहरुको प्रचार प्रचारको लागि टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गरिनेछ ।

१५८. गाउँपालिका क्षेत्रभित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

१५९. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

१६०. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

१६१. सार्वजनिक नीजि साझेदारी मोडेल (PPP Model) मा सामुदायिक रेडियो, टेलिभिजन च्यानल संचालनको नीति लिईनेछ ।

१६२. गाउँपालिकाको एकिकृत डिजिटल प्रोफाइल निर्माण गरी सम्पूर्ण तथ्याङ्कहरु Cloud System मा राखिनेछ ।

### न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन

१६३. जनतालाई न्याय दिलाउनु राज्यको कर्तव्य हो । यसै सन्दर्भमा न्याय पाउनको लागि आउने नागरिकहरुको न्याय निरुपणका लागि कानुनको अधिनमा रही काम गर्न सामुदायिक मेलमिलाप केन्द्र र न्यायिक समितिलाई सक्रिय बनाईनेछ ।

१६४. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शिघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरु तथा दक्ष कर्मचारीको प्रबन्ध मिलाईनेछ।

१६५. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१६६. सामान्य प्रकृतिका समस्या समाधानको लागी सम्बन्धित स्थानीय वडाहरुमा गठित सामुदायिक मेलमिलाप केन्द्रबाट मेलमिलाप गराउन मेलमिलापकर्ताको व्यवस्था गर्ने, आधारभुत तालिम र पुनर्ताजगी तालिम दिई प्रारम्भिक न्याय प्रदान गर्ने केन्द्रको रुपमा सञ्चालन गरिनेछ ।

१६७. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

१६८. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

## सुशासन तथा सेवा प्रवाह

१६९. कार्यालय व्यवस्थापनमा नयाँ प्रविधि, ज्ञान, सीपको उपयोग गरी अन्तर सरकार समन्वय र सहकार्यलाई प्रभावकारी र व्यवस्थित गर्न पहल गरिनेछ । संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१७०. भ्रष्टाचार विरुद्धको **"शुन्य सहनशीलता"** र **"शुन्य बेरुजु"** को नारालाई अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।जसका लागि भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना समेत तयार गरिनेछ।

१७१. सेवा प्रवाहलाई भरपर्दो, सरल, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाई विकासका क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । राजनीतिप्रति तटस्थ र सेवाप्रति प्रतिबद्ध प्रशासन संयन्त्रलाई यथावत राखिनेछ।

१७२. सार्वजनिक जवाफदेहिता प्रवर्द्धनका लागि सुझाव एवं गुनासो पेटिका, सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण तथा सामाजिक परिक्षण जस्ता औजारहरु नियमित उपयोग गरिनेछ ।

१७३. स्थानीय तथ्यांक तथा अभिलेख व्यवस्थापन र अद्यावधिक गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

१७४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

१७५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

१७६. अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख एवं वडा सचिवसँग कार्य सम्पादन सम्झौता गरी कार्य गर्ने र कार्यसम्पादन मूल्याङ्कनलाई कार्य सम्पादन सम्झौताको परिपालनासंग आवद्ध गर्ने पद्धति कडाईकासाथ कार्यान्वयन गरिनेछ ।

१७७. जनशक्तिको मनोवल उच्च रहने गरी पर्यटन काज तथा प्रोत्साहन गर्ने, अतिरिक्त कार्यचाप तथा कार्यबोझ अनुसार थप सुविधा दिने, सञ्चार तथा संवाद गर्नुपर्ने भूमिकामा रहेका कर्मचारीलाई सञ्चार सुविधा दिने, साथै दण्ड र पुरस्कार पद्धतिलाई वस्तुनिष्ठ बनाइनेछ ।

१७८. विगत वर्षहरुमा झै आगामी बर्षमा पनि सहभागितात्मक रुपमा योजना तर्जुमा प्रकृया अवलम्वन गरी प्राथमिकता प्राप्त आयोजनाहरु संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहमा आवधिक योजनाले तोके बमोजिम कार्यन्वयन गर्दै लगिनेछ ।

१७९. कम लागतमा बढी प्रतिफल दिने, जनतासंग प्रत्यक्ष सरोकार राख्ने र युवालाई उत्पादन र रोजगारी दिने योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

१८०. गाँउपालिकामा प्राप्त हुने सबै प्रकारका सहयोगहरुको प्रभावकारी बितरणका लागि **एकद्वार नीति** अवलम्बन गरिनेछ ।

१८१. गाउँपालिकामार्फत खरिद गर्ने सम्पूर्ण खरिद प्रकृयालाई पारदर्शी बनाउन सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम सार्वजनिक खरिद गुरुयोजना/बार्षिक खरिद योजना निर्माण गरी खरिद गर्नुको साथै प्रयोगमा नआउने सामाग्रीहरुको लिलाम विक्रि गरिनेछ ।

१८२. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१८३. गाउँपालिकाभित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ। वैदेशिक रोजगारीको श्रम स्वीकृति र पुनः स्वीकृतीको कार्यलाई व्यवस्थित बनाईनेछ ।

१८४. सार्वजनिक खर्चलाई वैज्ञानिक, अनुमान योग्य र नतिजामूखी तुल्याउन मध्यकालीन खर्च संरचना (MTEF) निर्माण गरी प्रयोगमा ल्याईनेछ ।

१८५. कर्मचारी तथा जनप्रतिनिधिहरुको जिवन विमा कम्पनीहरुमा स्वास्थ्य तथा दुर्घटना विमा गराउने नीति लिईनेछ ।

## राजस्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धी नीति तथा कार्यक्रम

१८६. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

१८७. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

१८८. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। **प्रगतिशिल कर प्रणाली नीति** अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ।

१८९. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

१९०. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतीय प्रणालीद्वारा सन्देश प्रवाहित गर्ने नीति लिइनेछ।

१९१. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पूरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

१९२. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

१९३. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको बहाल विटौरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।

**धन्यवाद ।**

मितिः२०८०।०३।०९ गते आईतबार ।

(गाउँ सभाको १९ औ अधिवेशनमा मिति २०८१/०३/०९ गते गाउँपालिका अध्यक्ष श्री भारत कुमार पुनले प्रस्तुत गर्नुभएको)